(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित)

जि.प्र.का.दर्ता न ५८/२०६३

सहिद

SAHID WEEKLY साप्ताहिक

चुरे तराई मधेसीवासीको
सशक्त एकता,
संरक्षित चुरे उन्नत जीविका ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

वर्ष १४, अंक १२, पृष्ठ-६ ने.सं. ११३७ तछला गा, चतुर्दशीं, वि. सं. २०७४ असार ९ गते शुक्रबार JUNE 2017 मूल्य रू. ५।-

कीर्तिपुर चक्रपथ १८ मिटरको

कीर्तिपुर । कीर्तिपुर नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरुद्वारा असार १ गतेबाट मापदण्ड विपरीत निर्मित घर, टहरा, पर्खाल भत्काउने कार्य नेपाल विद्युत प्राधिकरण कीर्तिपुर वितरण शाखाको पर्खाल भत्काई शुभारम्भ गरेको छ ।

विद्युत प्राधिकरणका अनुसार जेठ २२ गते नपा कार्यालयबाट लेखेको पत्र २३ गते दर्ता गरेको र एक हप्ताभित्र आफ्नो सामान सुरक्षित गरी भत्काउन सहयोगको अनुरोध गरेको पत्रमा थियो ।

प्राधिकरण विद्युत वितरण शाखा कीर्तिपुरले २४ गते नै सो जानकारी क्षेत्रीय विद्युत प्राधिकरण कार्यालयमा जानकारी दिएको प्रमुख प्रज्ज्वलमान प्रधान भन्नहुन्छ ।

असार १ गते पर्खाल भत्काउन अघि कहाँसम्म भत्काउने हो समझदारी भएपछि प्राधिकरणले भत्काउन दिएको तर समझदारी भन्दा बढी भत्काउन थालेको प्राधिकरणको गुनासो छ।

असार १ गते दायाँबायाँ कति हटाउने हो सो मार्किङ्ग गर्न नपामा पत्राचार गरेको तर नपाले असार ५ गते वरिष्ठ लेखा अधिकृत सानुबाबु परियारको हस्ताक्षरमा विद्युत प्राधिकरणदेखि खासीबजारसम्म दायाँबायाँ ९/९ मिटर केन्द्रबाट बाटो फराकिलो पार्ने जवाफ प्राधिकरणलाई दिएको थियो ।

नपाको सो पत्र अनुसार अब कीर्तिपुर चक्रपथको बाटो १८ मिटरको हुने भने भनेर सहज अनुमान गर्न सकिन्छ । तर काठमाडौं उपत्यका विकास प्राधिकरणले राजधानीमा सोमबार भएको एक कार्यक्रममा प्राधिकरणका प्रमुख भाईकाजी तिवारीले उपत्यकाका १६ वटा नपाका प्रमुख र उपप्रमुख अगाडि सडक मापदण्ड नगर परिषद्ले पास गरी ल्याएको खण्डमा त्यसलाई स्वीकृत गर्ने अभिव्यक्ति दिनुभएको थियो ।

कीर्तिपुर नपामा यसअघि कीर्तिपुर चक्रपथमा १४ मिटरको सडक मापदण्ड अनुसार मार्किङ्ग गरिसकेका थिए । बाटो बिस्तार हुनुपर्छ यसमा कसैको दुई मत हुनेछैन । तर बाटो बिस्तारको नाममा विनाश हुन्छ भने सबैले सोच्नै पर्दछ । बिनायोजना दायाँबायाँ कुनै मार्किङ्ग नगरी एक्कासी बाटो बिस्तार प्राधिकरणलाई दोजर लगाई सकेपछि त्यस्तो प्रकृतिका अन्य निर्मित सार्वजनिक लगायतलाई छुने कि नछुने ? यो जनगुनासोलाई असार ६ गते नपाका प्रमुख रमेश महर्जनसँग समक्ष राख्दा सडक बिस्तार एकै पटक सबै ठाउँमा गर्दा बाटो अवरोध हुने र धुलो-हिलोले कीर्तिपुरवासीमा नराम्रो प्रभाव पार्ने भएकोले समय मिलाएर सफा गर्दै बाटो बिस्तार गरेमा अन्य नागरिकले पनि आफ्नो अनियमित र मापदण्ड विपरीतका घर टहरा भत्काउनमा सहयोग रहने बताउनुभयो ।

काठमाडौं उपत्यका विकास प्राधिकरणले सडकको

क्रमशः पृष्ठ ५ मा

पुष्पसदन, पाँगा र एपीएफमा +२

कीर्तिपुर । नयाँ शिक्षा नीति २०७३ अनुसार नेपालको शैक्षिक क्षेत्रमा एसएलसीको इतिहास समाप्त भई माध्यमिक शिक्षा परीक्षा (एसईई) को पहिलो प्रयोगको नतिजा प्रकाशनसँगै सुरु भयो ।

अब विद्यालयमा ११ र १२ कक्षाको व्यवस्था आफ्नो परिस्थिति अनुसार कक्षा थप्नुपर्ने हुन्छ। जुन विद्यालयमा ११ कक्षा हुँदैन त्यस विद्यालयबाट १० पास गरेका विद्यार्थी अन्य विद्यालयमा भर्ना हुनुपर्ने बाध्यता हुनेछ भने ११ कक्षाको व्यवस्था गरेका विद्यालयमा त्यहीं पढ्न सकिन्छ ।

यसै क्रममा कीर्तिपुर क्षेत्रमा यसै शैक्षिक वर्षदेखि पुष्पसदन माध्यमिक विद्यालयले विज्ञान र व्यवस्थापन संकायको पढाई हुने भएको छ भने एपीएफ गोदामचौर र पाँगा माविमा पनि विज्ञान र व्यवस्थापन संकायको पढाइको लागि भर्ना आह्वान गरिएको छ ।

अब कीर्तिपुरमा जनसेवा माध्यमिक विद्यालय, मंगल मावि, हिलटाउन मावि, लेवोरेटरी मावि र टौदह राष्ट्रिय माविमा यसअघि नै +२ कक्षा संचालन थिए ।

काठमाडौं महानगरले सेवा सुविधाका लागि ३५ लाख

काठमाडौं । काठमाडौं महानगरबासीले झण्डै २० वर्षपछि जनप्रतिनिधि पाए । जनप्रतिनिधि हुँदा विकास निर्माण तथा आफ्ना दैनिक समस्या सम्बोधन होला भन्ने भनेर आफ्नो मनले खाएका उम्मेदवारलाई जिताएर पठाए ।

चुनाव जित्नुअघिसम्म ठुल्ठुला जनपक्षीय नाराहरु अघि सारेका नेताहरुले महानगरपालिकाको बैठकबाट अलोकप्रिय निर्णयहरु गर्न थालेका छन् । महानगरका जनप्रतिनिधिले भने आफ्ना लागि मोबाइल फोन किन्ने निर्णय गरेको पाइएको छ । नगर कार्यपालिकाको मंगलबार बसेको बैठकले जनप्रतिनिधिको सेवा सुविधाका लागि भन्दै ३५ लाख रुपैयाँ छुट्याउने निर्णय गरेको छ ।

त्यो रकममा त मोबाइल खरिद पनि समावेश रहेछ । काठमाडौं महानगरपालिकाका मेयर र उपमेयरलाई आफूले रोजेको मोबाइल किन्ने छुट दिइएको छ । उनीहरुले मोबाइल किनेर बिल पेश गरेपछि रकम पाउनेछन् ।

'भारतको स्वार्थ पूरा गर्न मधेसी आन्दोलन'

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले देशका जनविरोधी दल, भारतीय एकाधिकार पूँजीका पिछलग्गूहरूको विरोधमा संघर्ष गर्न र जनतालाई सचेत पार्न कार्यकर्ताहरूलाई निर्देशन दिनुभएको छ ।

कानुन अध्ययन समाज नेपालद्वारा स्थानीय तहको निर्वाचन २०७४ मा नेमकिपाको पक्षमा मतदान गर्ने जनतामा धन्यवाद ज्ञापन तथा समसामयिक विषयमा शनिबार टौमढीमा आयोजित जनसभामा अध्यक्ष रोहितले भारतले आफ्नो स्वार्थ पूरा गर्न तराईका केही मधेसी नेताहरूको काँधमा बन्दुक राखेर उचालिरहेको बताउनुभयो ।



विदेशी नागरिकलाई मुख्य मुख्य पदमा पुऱ्याउने भारतको स्वार्थ पूरा गर्न नेका र माओवादी केन्द्रको सरकार लागिरहेको उल्लेख गर्दै उहाँले तराई आन्दोलन भारतको समर्थनमा भइरहेको हो भन्नुभयो ।

नेपालमा विदेशी पूँजीपति भित्र्याएर नेपाली राष्ट्रिय पूँजीपति वर्गलाई कमजोर पार्ने काममा नेका र माओवादी केन्द्र दोषी रहेको चर्चा गर्दै अध्यक्ष रोहितले भारतको नुन खाएर नेका र एमालेले नेमकिपाको विरोध गरिरहेको बताउनुभयो ।

भारतको इसारामा तराईमा आन्दोलन चालू रहेकोले नेपालका उद्योगपतिहरूको व्यापार चौपट भइरहेको उल्लेख गर्दै उहाँले तराईका शोषित पीडित जनताको पक्षमा ठूला दलहरूले आन्दोलन गरेको छैन भन्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, 'कम्युनिष्ट भनिने एमाले र माओवादी केन्द्रमा कम्युनिष्टको चरित्र नै छैन । देशभक्त जनता तयार गर्नु हाम्रो जिम्मेवारी हो, नयाँ पुस्तालाई तयार गर्न नसके देश छोडेरै भाग्नुपर्ने स्थिति आउन सक्छ, जनता सचेत र संगठित

क्रमशः पृष्ठ ६ मा

मंगलमा साधारण सभा, बधाई तथा शुभकामना

कीर्तिपुर । मंगल बहुमुखी क्याम्पसको प्रथम साधारण सभा शनिबार विद्यालय प्राङ्गणमा भयो ।

साधारण सभाको उद्घाटन काठमाडौ क्षेत्र नं. १० का सांसद राजन केसीले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो। त्यसक्रममा सांसद केसीले मंगल बहुमुखी क्याम्पसले शैक्षिक विकासमा महत्वपूर्ण योगदान दिएकोमा प्रशंसा व्यक्त गर्दै विद्यालयको हितमा आफ्नो तर्फबाट निर्वाचन क्षेत्र विकास कोषको रकमबाट सहयोग गर्ने वचन दिनुभयो ।



कार्यक्रममा व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. शिवशरण महर्जनले कीर्तिपुर क्षेत्रका शिक्षाविद्, समाजसेवी बुद्धिजीवि २१५ जनाको आजीवन सदस्य भएको स्मरण गर्दै अब विश्वविद्यालय अनुदान आयोगबाट क्याम्पसलाई सहयोग गर्ने ढोका खुलेको बताउनुभयो। त्यसैक्रममा वहाँले कलेजको आर्थिक, शैक्षिक प्रगतिबारे प्रष्ट पार्नुभएको थियो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकामा निर्वाचित मेयर रमेश महर्जन, वडा नं. ३ का वडा अध्यक्ष रमेशमान डंगोल, १० का वडा अध्यक्ष अमन महर्जन, वडा नं. १० का सदस्य हरिशरण महर्जन र नागार्जुन नपा-९ का वडा सदस्य रामेश्वरी ठकुराथीलाई प्रमुख अतिथि सांसद केसीले सम्मान पत्र प्रदान गर्नुभएको थियो ।

त्यसक्रममा नव निर्वाचित नगर प्रमुख रमेश महर्जनले कीर्तिपुर नगरलाई शैक्षिक हव बनाउने सोच रहेको भन्दै यस कलेजको प्रगतिमा

क्रमशः पृष्ठ ५ मा

सूची दर्ता गर्ने बारेको सूचना

यस कार्यालयका लागि आ.व. ०७४/७५ का लागि आवश्यक पर्ने तपशिल बमोजिमका सामान तथा सेवाहरू आवश्यक परेका बखत पटक पटक गरी वा एकै पटक खरिद गर्न सप्लायर्स तथा सेवाका लागि सम्बन्धित फर्म वा कम्पनीहरूको सूची दर्ता गराईराख्नुपर्ने भएकाले ईच्छुक सप्लायर्स तथा सेवा प्रदायकहरूले रजिष्ट्रेशन नविकरण गरिएको फर्म दर्ता, मुल्य अभिबृद्धि कर दर्ता, आयकर दर्ता प्रमाणपत्रहरूको प्रतिलिपीहरू सहित आफ्नो ठेगाना र सम्पर्क नं समेत खुलाई मिति २०७४ असार २५ गतेभित्र कार्यालय समयमा सूची दर्ता गराउन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:-

१) छपाई तथा आवश्यक स्टेशनरी सामाग्री आपूती सम्बन्धी गर्ने कार्य ।
२) विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्ग सामानहरु आपुर्ति तथा मर्मत कार्य ।
३) विज्ञापन तथा सूचना प्रकाशन सम्बन्धि कार्य ।
४) विद्युत वाइरिङ्ग सम्बन्धी सामानको आपूर्ति र मर्मत ।
५) कम्पूटर, प्रिन्टर, सी.सी क्यामरा, रेफ्रिजरेटर, Annual Maintenance Contract (AMC) सम्बन्धी कार्य ।
६) कार्यालय पोशाक सप्लाई सम्बन्धी कार्य ।
७) सुरक्षा गार्ड सम्बन्धी कार्य ।
८) भवन मर्मत संभार तथा रंगरोगन कार्य ।
९) मालपोत, नापी तथा भूमि सुधार सम्बन्धी लेखापढी कार्य ।
१०) क्याटरिङ्ग सम्बन्धी कार्य ।
११) सम्पति मूल्याङ्क कार्य ।

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
कीर्तिपुर वडा नं -९, बाहिरीगाऊँ
४-३३०६०९, ४-३३५५५१

ऐतिहासिक जनअन्दोलन २०४६
चैत्र २० गते शहादत अमर सहिद



लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत

सहिद साप्ताहिक

वर्ष १४, अंक १२, २०७४ असार ९ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: नारायण महर्जन

कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप

सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लव - ११

पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२

E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com

www.kipushahid.blogspot.com

मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं

सम्पादकीय...

दार्जिलिङ्ग आन्दोलनबाट सिक्नुपर्ने

भारतको एक प्रान्तको रुपमा रहेको दार्जिलिङ्गमा अहिले आन्दोलन चालू रहेको छ । आन्दोलनबाट तीन जना आन्दोलनकारीको निधन भइसक्यो भने सयौं घाइते भएका छन् ।

दार्जिलिङ्ग हिजो नेपालकै भाग थियो । अँगेजहरुसँग पराजय भएपछि मात्र भारतमा गाभिएको थियो । जहाँ नेपाली भाषको प्रयोग हुँदै आएको थियो ।

नेपालको संविधान २०७२ लाई दोस्रो पटक संविधान संशोधन गरेर भाषा आयोग गठन गर्ने र भाषा आयोगको सूचीमा हिन्दी भाषालाई पनि राख्ने र भोलि सूचीमा रहेका भाषालाई कामकाजी भाषाको रुपमा प्रयोग गर्ने तयारीका साथ संशोधन गर्न लागिएको विषयलाई नेपाली जनताले त्यति चासो लिएको देखिदैन ।

भाषिक आयोग बनाएर हिन्दी भाषालाई पनि सूचीमा राखी भोलि कामकाजी भाषाको रुपमा प्रयोग गरेमा अहिले नै विरोध र असफल पार्न सकने भने आश्चर्य मान्नुपर्ने छैन ।

अहिले संसदमा विचाराधिन संविधान संशोधन प्रदेश ५ को (तराई र पहाड छुट्याउने) सीमा हेरफेर, भाषिक आयोग, देशको हित विपरीत हुने भएकोले संशोधन गर्न नहुने पक्षमा संसदमा प्रतिनिधित्व गर्ने नेमकिपा लगायत नौ दल लागेपनि एमालेको विचारमा धरमर भएकोले कुनै पनि बेला संविधान संशोधन हुन सक्ने सम्भावना रहेको छ ।

देश हित विपरीत संविधान संशोधन गरेमा त्यसको दोष पनि संशोधन पक्षधरको हुनेछ ।

देश र जनविरोधी क्रियाकलाप नीति नियम बनाएमा हामी पनि संघर्षको मैदान उत्रनु बाहेक अर्को विकल्प छैन ।

उपत्यका विकास परिषद् र योजना आयोगलाई खुलापत्र

– निर्जला

२०५४ सालमा स्थापना भएको 'काठमाडौं उपत्यका विकास परिषद्' पनि नेपालको 'योजना आयोग' जस्तै प्रधानमन्त्रीहरूको कोटमा सिउरिने फूलजस्तै हुन्, काम-कुरोको पत्तो छैन । देशको योजना आयोग प्रजातन्त्रसँगै आएको संस्था हो । तर त्यसले राणाकालमा योजना गरिएको एक व्यवस्थित सहर राजविराजबारे सिन्को भाँचेन, त्यस्तै पञ्चायतकालमा योजनाअनुसार बनाइएको टीकापुरजस्तै अन्य नगरहरूको पनि व्यवस्थित विकास गरिएन । घरहरू बनाउन दिइयो, व्यापारीहरूले आ-आफ्नो पेशाअनुसार काम गरे तर कुनै कुराको व्यवस्था गरिएन, चौर छ, पशु चर्छन्, विद्यार्थीहरू आएर फुटबल खेल्छन्- न त ग्राउण्डको चिनो छ, न त गोल पोष्ट छ, विद्यार्थीहरू ठूला हुँदै जान्छन्, तर तीमध्ये कोही पनि फुटबलका राष्ट्रिय खेलाडी हुँदैनन् । बस, योजना आयोग हरेक क्षेत्रमा दर्शक बन्छ, कर्मचारी र पदाधिकारीहरूले तलब र भत्ता बुझ्छन्, उमेर भएसम्म सरकार फेरिंदा पुन:उपाध्यक्ष बन्छन् र अवकास पाएपछि कोही राजदूत बन्छन् मानौं तिनीहरूको देशप्रति कुनै जिम्मेवारी छैन । योजना आयोगबारेको प्रगति प्रतिवेदन, समीक्षा जनतालाई थाहा दिनुपर्दैन ? तथ्याङ्क विभागले तथ्याङ्क नदिएमा योजना आयोगसँग कुनै तथ्याङ्क पनि हुने थिएन ।

साँच्चै भनूँ भने 'उपत्यका विकास परिषद्' को पनि यही हालत छ । २०२८ सालतिर विभिन्न देशका विशेषज्ञहरूमार्फत तयार गर्न दिएको उपत्यकाको विकासको स्थिति र विकासका सिफारिसबारे कहिले संसद वा अन्य जनतासँग प्रत्यक्ष सरोकार राख्ने जिल्ला वा नगर परिषद्हरूमा छलफल गरिएन ।

त्यस प्रतिवेदनमा 'हरियो क्षेत्र' घोषणा गरिएका ठाउँहरूमा अहिले उद्योग, बजार, आवास र शिक्षालयहरू छन् । नगरपालिका घोषणा गरिएका नगरहरूमा न बसपार्क छ, न बजार क्षेत्र, न कार्यालय क्षेत्रको बन्दोबस्त छ । हुँदा हुँदा सबै राजमार्गहरूको दायाँ-बायाँ नगर भएका छन् । बाढीपहिरोजस्ता जोखिमका बस्तीहरू सबै महानगरपालिका घोषणा भए । एक दुई माइलको दुवै दिशाको भीरको क्षेत्र वा गाउँलाई नगरपालिका घोषणा गरियो । किन ? नगरपालिका घोषणा गरेपछि आफ्नो कार्यकर्तालाई मेयर, उपमेयर र कर्मचारी बनाउन पाइन्छ, नक्सा पास पुर्जीमा कर लिन पाउने र पैसा उठाउन पाउने भयो, पर्ती जग्गा प्रदान गर्न पाउँदा मालामाल हुन पाउने भयो र सरकारी अनुदानमा भवन बनाउने र आफ्नो ठेकेदारले निर्माण गर्न पाउने भयो र कार्यकर्ता पाल्ने मेसो पनि बन्ने भयो ।

२० वर्षपछि स्थानीय तहको निर्वाचनको घोषणा भयो, नगर घोषणासँगै कति ठाउँमा तत्काल नगरवासीहरूले पछि गाऱ्हो होला भनी नक्सावाना घरहरू निर्माण गरे । नगरका घरहरू कस्तो बनाउने, एकरुपता आवश्यक छ र छैन, बजार र बस्तीको घर लाइन मिलाउनुपर्छ-पर्दैन, पेटी राख्ने नराख्ने केही नसोची, सडकको जग्गा मिच्दै, साध-सँधियारको मर्कासमेत नसोची, सरजमिनसमेत नगरी घरहरू निर्माण भए । बल्ल अब थाहा भयो- नक्सा पास पुर्जी नभएका घरमा बिजुली जडान हुँदैन, खानेपानी आउँदैन, बैंकले ऋण प्रवाह गर्दैन आदि । छर-छिमेकसँगको मुद्दा-मामिला र काटमार हुन त बाँकी नै छ ।

देशका प्रधानमन्त्री र मन्त्रीहरूले भागेका सबै अपराधीहरूलाई विदेशमा गएर भेटे, मुद्दा फिर्ता लिए र हत्यारा र जघन्य अपराधीहरूलाई उल्टै लाखौं र करोडौं क्षतिपूर्ति दिए अनि भने- 'अब ! सिंहदरवारको अधिकार गाउँ र नगरमा सर्दैछ ।' निर्वाचनमा विवेकले काम गरेन, नक्सा पास गर्नुपर्दैन, ऐन-नियम, सार्वजनिक र अरुको जग्गा मिचेको भए पनि आफूलाई मत दिई मेयरमा जिताए 'सबै अपराधलाई माफ दिने' वचन दिए । मेयर भए, अब पक्षपात गर्नुभएन, अरुले पनि विनानक्सा घर बनाउने भए । जग्गाको निस्सा वा लालपुर्जा चाहिदैन, प्राविधिक त्रुटी भए पनि घर बन्ने भयो, भोलि घर भत्केर मानिस मरेमा मेयर र नगरपालिका जिम्मेवार हुने हो-होइन सोच्नुपर्ने विषय हो । के प्रधानमन्त्रीहरूले अपराधीहरूलाई पुरस्कार दिने रोग मेयरहरूमा सरेमा नगर, गाउँ र देश के होला ?' नगर बन्नुभन्दा पहिले एक-दुई वर्ष नगर र गाउँबारे जानकारी दिने, नगरपालिकाको ऐन-नियमबारे जनतालाई शिक्षित गर्नुपर्नेमा प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई विश्वविद्यालयको प्रमाणपत्र ठम्याएजस्तै भएन र ?'

किन कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधिको टार्गेट बन्यो विद्युत प्राधिकरणको भवन ?

कीर्तिपुर । कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधिहरुले विद्युत प्राधिकरणको भवन भत्काउन २ दिने अल्टिमेटम दिएपछि प्राधिकरणका कर्मचारी तनावमा परेका छन् ।

गत जेठ २२ गते नगरपालिकाले सडक बिस्तारका लागि पर्खाल भत्काउने भन्दै प्राधिकरणलाई पत्र लेखेको थियो । तर जेठ २ गते कीर्तिपुर नगरपालिकाले डोजर लगेर प्राधिकरणको चारैतर्फको पर्खाल भत्काईदिएको विद्युत प्राधिकरण कीर्तिपुर शाखा प्रमुख प्रज्वल श्रेष्ठले जानकारी दिए ।

बिहान ११ बजे पर्खाल भत्काएर गएका उनीहरुले ४ बजे फेरि प्राधिकरणको कार्यालयमा आएर २ दिनभित्र सामान सार्न भन्दै आइतबार पूरै भवन डोजर लगाएर भत्काउने चेतावनी दिएका थिए ।

'दिउँसो ४ बजेतिर हामी वडाका प्रतिनिधि भन्दै चार/पाँच जना आएर आइतबारसम्म कार्यालय खाली गर्न भनेर गए' श्रेष्ठले भने । नगरपालिकाले चिठ्ठीमा उल्लेख गरेको भन्दा बढी पर्खाल भत्काएर प्राधिकरणको सामानमा समेत क्षति पुऱ्याएको छ ।

किन भत्काईंदै छ प्राधिकरणको कार्यालय ?

कीर्तिपुरमा सडक बिस्तारका लागि प्राधिकरणको पर्खाल भत्काएर सुरु गर्ने भन्दै जेठ २२ मा नगरपालिकाले पत्र काटेको थियो । सरकारी कार्यालयको



पर्खाल भत्काएर काम सुरु गरेपछि जनतामा पनि सकारात्मक सन्देश जाने भनेपछि प्राधिकरणका कर्मचारीले मौखिक सहमति जनाएका थिए ।

तर पर्खाल भत्काउन आएका जनप्रतिनिधिले सडक बिस्तारका लागि चाहिने भन्दा धेरै ठाउँ भत्काएको र पछि आएर भवन नै भत्काउँछु भनेको प्राधिकरणका कर्मचारी बताउँछन् ।

कीर्तिपुरमा सडक बिस्तारका लागि प्राधिकरणको भवन भत्काउन खोजेको नगरपालिकाले सडक विभागसँग पनि समन्वय नगरेको, सडक बिस्तारका लागि सडक नाप्ने तथा चिनो लगाउने केही काम पनि नगरेको र यो आर्थिक वर्षमा सडक बिस्तारका लागि कुनै नीति तथा कार्यक्रम र बजेट पनि नभएकोले नगरपालिकाको कामलाई शंकास्पद रुपमा हेरिएको छ ।

१ रोपनी १४ आना क्षेत्रफलमा रहेको प्राधिकरणको भवनभन्दा पछाडि धेरै खाली जग्गा रहेकोले भू-माफियाको प्रभावमा नगरपालिकाले प्राधिकरणको भवन भत्काउन लागेको स्थानीय बासिन्दाले आशंका गरेका छन् ।

प्राधिकरणको भवनका कारण पछाडि रहेका जग्गाहरुले पर्याप्त बाटो पाएका छैनन् । भोट माग्ने बेला सडक छेउका बासिन्दासँग घर नभत्काउने सर्तमा जनप्रतिनिधीहरुले भोट मागेको नाम नबताउने सर्तमा एक स्थानीयले भने । उनीहरुले घर नभत्काउने बरु फूलाई ओभर बनाएर सडक बिस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

२९ सालदेखि प्राधिकरणको स्वामित्व

बिद्युत प्राधिकरणको महसुल तिर्न काठमाडौंसम्म आउन टाढा भएपछि २०२९ सालमा तत्कालिन किर्तिपुरको बाहिरीगाउँ पञ्चायतले सार्वजनिक जग्गा विद्युत प्राधिकरणलाई दिएको श्रेष्ठले बताए । त्यतिबेला किर्तिपुरमा बाहिरीगाउँ पञ्चायत र भित्री गाउँ पञ्चायत गरी २ पञ्चायत थिए । प्राधिकरणलाई उक्त जग्गा दिएका बखतका साक्षी समेत अझै जिवित रहेको उनको भनाई छ ।

प्राधिकरणले २०३० सालदेखि भवन बनाएर सेवा दिदै आएको छ । २०५० सालमा एक व्यक्तिले उत्त भवन सहितको जग्गा आफ्नो नाममा भएको लालपूर्जा देखाउँदै खाली गर्न भनेपछि अदालतमा मुद्दा परेको थियो । पछि अदालतले प्राधिकरणकै पक्षमा फैसला गरेको थियो । अहिले एक्कासी आएर आफ्नो भवन नगरपालिकाले भत्काउन खोजेपछि प्राधिकरण अचम्ममा परेको छ ।

अब के गर्छ प्राधिकरणले ?

कीर्तिपुर नगरपालिकाले आफ्नो कार्यालयमा हमला गरेपछि प्राधिकरणले उर्जा मन्त्रालय र जिल्ला प्रशासन कार्यालय गुहारेको छ । नगरपालिकाको कदमपृति प्राधिकरणले अदातलमा मुद्धा दायरको प्रक्रिया पनि शुरु गर्ने भएको छ । प्राधिकरले यसअघि नै भवन निमार्णका लागि त्रिभुवन विश्वविद्यालयसँग ५ रोपनी जग्गा माग समेत गरेको थियो ।

- रातोपाटीडटकम

उच्च शिक्षामा बौद्धिक चोरी कसरी रोक्ने ?

– लाईपी आचार्य, काठमाडौं

'बौद्धिक चोरी रोक्न नयाँ कार्यविधि' कान्तिपुरमा जेठ २९ गते प्रमुखतासाथ छापिएको समाचार शीर्षक हो यो । विश्वविद्यालय अनुदान आयोगले भर्खरमात्रै विद्यावारिधि र एमफिल उपाधिका लागि न्यूनतम मापदण्ड तथा कार्यविधि तय गरेको छ । उच्च शिक्षा योग्यता ढाँचा भने पारित हुने क्रममा छ । अहिले सामान्य आँखाले हेर्दा नेपालका विश्वविद्यालयहरू निरपेक्ष रूपमा छाडा बन्न उद्यत देखिन्छन् । यहाँ प्राज्ञिक बेइमानी, चोरी र अपराधीकरण छिपेको छैन । यी गद्दारीपनालाई ओत लगाउने प्राध्यापक र प्रशासन प्रकाशबाहिर छैनन् । प्राज्ञिक अपराधलाई राजनीतीकरण गराएर सुनपानी छर्किदिने पार्टीका संगठन पनि जन नजरबाट लुकेका छैनन् । प्राज्ञिकता स्खलनको यो चरम अवस्थामा विश्वविद्यालय अनुदान आयोगले यस्तो कार्यविधि ल्याउनु सराहनीय कार्य हो ।

विगतका गतिविधि

विश्वविद्यालयले निरपेक्ष स्वायत्तता खोजे, सम्बन्धन दिनमात्र तल्लीन रहे । यिनीहरू भएका कार्यक्रममा गुण भर्नभन्दा नयाँ थप्नमा उद्यत भए । आफूखुसी मापदण्ड बनाए, विभागपिच्छे शैली अपनाए । विद्यार्थी संख्या बढाउन लालायित भए, गुणस्तरमा हिलो छ्यापे । विद्यार्थीले प्रमाणपत्र पाउनुमा आफ्नो सफलता देखे, सिकाइलाई नजरअन्दाज गरे । केही प्राध्यापकले जागिर पकाए, इमानदारिताको कसौडी उल्टाइदिए । स्नातकोत्तरका शोधपत्र बिरालो बधाई भए । एमफिल र पीएचडीका शोधपत्र केही छोडेर सारपत्र भए । केही अबुझपनको कारण सारपत्र भए, केही नियतवश भए । सुपरीवेक्षकको बुताले भ्याएसम्म चोरीको मात्रा कटौती भए, तर नैतिकताहीन विद्यार्थीका अगाडि सुपरीवेक्षक नतमस्तक भए । अझ थेसिस बुझाउने अन्तिम म्याद दिएर विद्यार्थीलाई वैतरणी तराउने कार्य गरेको दृश्य हेर्दा कुनै भोकमरी लागेको गाउँमा राहत बाँडेजस्तै हतार देखिन्थ्यो । यसबाट केको गुणस्तरको आशा गर्ने ? विगतमा पनि डिनदेखि विभागीय प्रमुखसम्मले बौद्धिक चोरी गरेको प्रमाणित भएकै हो । तर तिनीहरू झन् पुरस्कृत भए, थप सम्मानित जिम्मेवारी पाए । यस्तो दण्डहीनताले मिहिनेती विद्यार्थीलाई निरुत्साहित गऱ्यो, इमानदार प्राध्यापकलाई हतोत्साहित गऱ्यो, फटाहा प्रवृत्तिलाई मलजल गऱ्यो ।

बौद्धिक चोरी, कार्यविधि र सफ्टवेयर

अरूको बुद्धिलाई मेरो हो भन्नु बौद्धिक चोरी हो । प्राज्ञिक क्षेत्रमा त्यतिमात्र नभएर काल्पनिक कुरालाई तथ्यगत हो भन्नु, आफ्नै ज्ञानलाई पनि एक ठाउँमा प्रयोग गरिसकेपछि अर्को परिस्थितिमा बिनास्रोत प्रयोग गर्नु पनि बौद्धिक चोरी हो । शोधपत्र तयार गर्दा अरूको किताब, लेख, अनुसन्धान रिपोर्ट पढेर त्यसको सार आफ्नो भाषामा लेख्नु तर स्रोत नदिनु बौद्धिक चोरी हो । तर निर्धारित ढाँचामा स्रोत खुलाएर अरूको ज्ञानको सहारा लिनु र प्रथम ज्ञान निर्माणकर्तालाई कृतज्ञता दिनु प्राज्ञिक लेखनको इमानदारिता हो, चोरी होइन । अनुसन्धान नयाँ ज्ञान, सीप र प्रविधिको निर्माणमा केन्द्रित हुन्छ । यसले पुरानो ज्ञानलाई परीक्षण गर्छ, चुनौती दिन्छ, विकल्प दिन्छ वा सहमति जनाउँछ ।

यसो गर्न विगतका अनुसन्धान पढ्नैपर्छ । अरूका सिद्धान्त बुझ्नैपर्छ, यिनीहरूबाट सहयोग लिनैपर्छ । अरूको विचार र निष्कर्ष जोड्नैपर्छ । पूर्व साहित्यको समीक्षा गर्नैपर्छ । यति गर्नैपर्ने, यो नगरे शोधपत्र नहुने, गरे चोर कहलिने भन्ने सामान्य बुझाइ र तर्क पनि विद्यार्थीबाट सुन्ने गरिन्छ । यसका लागि हरेक विश्वविद्यालयले निश्चित ढाँचा अनुशरण गरेका हुन्छन् । हाम्रा विश्वविद्यालयहरूले मूलत: एपीए वा एमएलए ढाँचालाई पछ्याएको पाइन्छ । यी ढाँचामा अरूको भनाइजस्ताको तस्तै राख्दा कसरी स्रोत खुलाउने, सार खिचेर आफ्नो भाषामा लेख्दा कसरी स्रोत देखाउने, किताबबाट लिँदा के गर्ने, शोधपत्रबाट लेख्दा कसो गर्ने, इन्टरनेटबाट तान्दा कसरी स्रोत उल्लेख गर्ने आदि स्पष्टसँग मार्गनिर्देश गरेको हुन्छ । यसैलाई पछ्याउन नसक्दा चोर भइन्छ, पछ्याउँदा अनुसन्धानकर्ता ।

आयोगको कार्यविधिमा एमफिल र पीएचडी कार्यक्रम सञ्चालन गर्ने संस्थाको योग्यता र पूर्वसर्त उल्लेख छ । सुपरीवेक्षक र को-सुपरीवेक्षकको न्यूनतम योग्यता र अनुभव तोकिएको छ । उम्मेदवारको न्यूनतम योग्यता र अनुभव निर्धारण गरिएको छ । एउटा प्राध्यापकले पीएचडीमा ५ जना र एमफिलमा ६ जनाको मात्रै सुपरीवेक्षण गर्न पाउने भनिएको छ । यो दर्जा अनुसार फरक-फरक छ । अब यसो हुँदा विश्वविद्यालयको भर्नामा लगाम लाग्नेछ । फलानो विश्वविद्यालयबाट सजिलोसँग पीएचडी हुन्छ भनेर कुद्ने प्रवृत्तिमा ब्रेक लाग्नेछ । स्नतकोत्तर कम्तीमा पाँच वर्ष नचलाएकाले सिधै एमफिल र पीएचडी चलाउन नपाउने भए । लुम्बिनी बौद्ध विश्वविद्यालयमा जस्तो स्नातकोत्तर तह नचलाई ६ जनामात्र शिक्षक भएको ठाउँमा १०० जना पीएचडी विद्यार्थी भर्ना गर्ने प्रवृत्तिको अन्त्य हुनसक्छ । चोरी गर्न लुपहोलको खोजीमा दौड्ने प्रवृत्ति पत्तासाप हुनसक्छ ।

अब विद्यार्थीले तयार गरेको शोधपत्रलाई अन्तिम स्वीकृति दिनुपूर्व सम्बन्धित विश्वविद्यालयले व्यवस्था गरेबमोजिम बौद्धिक चोरी परीक्षण उत्तीर्ण गरेको हुनुपर्नेछ । हिजो पनि चोरीलाई स्वीकार गरिएको भने थिएन । विभिन्न माध्यमबाट सुपरीवेक्षक, बाह्य सुपरीवेक्षकको क्षमताले भ्याएसम्म परीक्षण गर्ने गरिन्थ्यो । त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयले त एपीए फरम्याटअनुसार लेखन भए नभएको स्पष्ट गर्न एपीए विज्ञलाई देखाउनुपर्ने व्यवस्था गरेका छन् । यसले पनि अन्यत्रबाट सारेको भए त्यसमा स्रोत खुलाउन प्रोत्साहन गर्ने गरेको छ । एकपटक काठमाडौं विश्वविद्यालयमा शिक्षाशास्त्रको पीएचडी थेसिसलाई बौद्धिक चोरी गरेको भनी अन्तिम भाइवाबाट अस्वीकृत गरेको घटना पनि छ । प्रविधिको विकाससँगै बौद्धिक चोरी परीक्षण गर्ने सफ्टवेयर पनि बनिसकेका छन् ।

विश्वका धेरै विश्वविद्यालयमा यस्तो शिक्षा सफ्टवेयरबाट परीक्षण गरिन्छ । नेपालमा पनि यो प्रविधि भित्रिने हल्ला छ । आशा छ, आउनेछ । यो सफ्टवेयरले पहिले गरेका थेसिस, लेख, किताब आदिसँग नयाँ डकुमेन्ट भिडाउनेछ । केही मिल्दो देखिएमा चिन्ह दिनेछ । यसरी चोरेको कुरा पत्ता लाग्नेछ । तर यसबाट बौद्धिक चोरी पूर्णरूपमा बन्द हुने भने होइन । आन्तरिक वा बाह्य सुपरीवेक्षक र सफ्टवेयर प्रयोगकर्ता इमानदार नभए यो असफल हुन्छ । त्यस्तै त्यस्ता डकुमेन्ट जुन गुगल वा सफ्टवेयरमा राखिएको छैन, त्यसलाई यो प्रविधिले भेट्टाउँदैन । पुराना किताब, थेसिस, लेख, रचनाहरूबाट सार्ने प्रवृत्तिको फेरि पनि गला अँठ्याउन सक्दैन । चोरी गर्नेहरूले सफ्टवेयरको विशेषता बुझेर त्यसलाई छल्नेजस्तै बीच-बीचमा शब्दहरू फेरिदिने कुकर्म गर्ने सम्भावना पनि रहन्छ । जुन सुपरीवेक्षक संकट कपी चलाउन जान्दैन वा अनिच्छुक छ, त्यसले यसबाट चोरी पत्ता लगाउन गाह्रो छ । त्यसैले चोरी रोक्न प्रविधिभन्दा नैतिकता र इमानदारिताको अस्त्र नै बढी शक्तिशाली हुन्छ ।

कसरी सुधार गर्ने ?

अब बढुवा र प्रमाणपत्रका लागि पढ्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ । स्नातक र स्नातकोत्तर तहदेखि नै सफ्टवेयरको प्रयोग गर्नुपर्छ, ताकि उसले प्राज्ञिक लेखनको कला सिकोस् । सबैभन्दा बढी त आन्तरिक सुपरीवेक्षक चनाखो र दक्ष हुनुपर्छ, ताकि उसले इन्टरनेटमा नराखेको हार्डकपीबाट सारेको पत्ता लगाउन सकोस् । नेपालमा पनि दक्ष सुपरीवेक्षकसँग गरेका थेसिसमा चोरीको समस्या कम छ । थेसिसमा पनि पियर रिभ्यु गराउन सकिन्छ, जहाँ अर्को विद्यार्थीले चोरी भए पत्ता लगाओस् ।

बौद्धिक चोरी गर्नेलाई कडा कारबाही गर्नुपर्छ, ताकि अरुले कहिल्यै आँट नगरोस् । प्राज्ञिक अपराधलाई राजनीतीकरण गर्ने जालोलाई काटिदिनुपर्छ । यी सबै सहायक माध्यम हुन्, मूल अस्त्र फेरि पनि नैतिकता र इमानदारिता हो । यसैको बीजारोपण गरौं । आचार्य शिक्षा मन्त्रालयका अधिकृत हुन् ।

ADMISSION OPEN!

PUSHPASADAN
BOARDING HIGH SCHOOL, KIRTIPUR, KATHMANDU

+2 SCIENCE & MANAGEMENT

014331917
014331827
URL www.pushpasadan.edu.np
www.facebook.com/puspasadan
Email:puspasadan@gmail.com

Grade of S.E.E. or Score in Entrance Test	Scholarship Offered Quota	Regd.	Annual	Monthly
3.91 - 4.0	5	100%	50%	100%
3.81 - 3.9	5	75%	50%	75%
3.71 - 3.8	7	50%	50%	50%
3.61 - 3.7	12	40%	40%	40%
3.51 - 3.6	15	30%	30%	30%
3.41 - 3.5	20	30%	-	30%
3.26 - 3.4	20	25%	-	25%
3.0 - 3.25	20	15%	-	15%
PBHS Entrance Topper	(Sci-1/Mgmt-1)	Free	-	Free
School Topper	(Sci-1/Mgmt-1)	Free	-	Free

50% discount in tuition fees for those students who have excellent performance in the field of games and sports (Only for 15 students in total)

OUR SALIENT FEATURES

1. Spacious and well designed and digitalized class rooms
2. Long term vision and strong management team
3. Regular tests to evaluate students projected progress
4. 3E - teaching methodology
5. 3P - environment and location
5. Scholarship given to deserving students
7. Competitive, scientific and practical classes in all streams
8. Highly qualified and long experienced facilitators
9. Well-researched course of study and lesson plan
10. Special classes on various aspects of life from prominent figures of Nepal and foreign
11. Career counseling to help students realize and materialize what they are born for
12. Impeccable system of administration with strict discipline for students, teachers and staff


"Intelligence + Character is the goal of true education."

Congratulations

100% S.E.E. RESULT WITH THE HIGHEST GPA 3.95

HEARTY CONGRATULATIONS

to all the SEE graduates of 2073, the Parents,
the teachers, the staff and
all the well-wishers of Pushpasadan Family.



Anupam Dhakal
GPA 3.95

Total Students Appearing in S.E.E.: 95
Grade "A+" = 31
Grade "A" = 45
Grade "B+" = 17
Graded "B" = 2



Sneha Baskota
GPA 3.90




Shubhekchhya Maharjan
GPA 3.85




Supriya Singh
GPA 3.85




Nikita Gyawali
GPA 3.80



Prabesh Dhakal
GPA 3.80




Rojina Basnet
GPA 3.80



Sahayog Timalsina
GPA 3.80




Binayak Tiruwa
GPA 3.75




Kusum Timilsaina
GPA 3.75



Lokendra Kunwar
GPA 3.75




Manish Karki
GPA 3.75




Nitesh Bista
GPA 3.75



Prajens Shrestha
GPA 3.75




Pratik Shrestha
GPA 3.75



Sagar Shrestha
GPA 3.75



Srishti Lamichhane
GPA 3.75




Ujjwal Paudel
GPA 3.75




Utsav Regmi
GPA 3.75




Aayush Chhetri
GPA 3.70



Aaditya Joshi
GPA 3.70



Nischal Pariyar
GPA 3.70



Rohit Kuinkel
GPA 3.70




Ruby (Nanu) Maharjan
GPA 3.70




Sadikshya Gautam
GPA 3.70




Sakshi Shrestha
GPA 3.70



Sarthak Gautam
GPA 3.70



Aarya Dangol
GPA 3.65



Prashanna Ghimire
GPA 3.65



Shreeya Banskota
GPA 3.65



Suraksha Dangol
GPA 3.65

Pushpasadan Boarding High School

Kirtipur, Kathmandu

Be a Pushpasadanian ! Be a tool to change the world !
New Admission open for **+2 Science & Management** with attractive offers!
Contact immediately for reservation of seats!

एसईईपछि के पढ्ने ?

– विजेता चौधरी

गत साता एसईई परीक्षाको नतिजा आएपछि विद्यार्थी तथा अभिभावक अहिले ११ कक्षामा भर्नाका लागि राम्रो कलेज, संकाय र विषयको खोजीमा छन् । ग्रेडिङ्ग प्रणालीमा नतिजा आएकाले कुन ग्रेड आएको विद्यार्थीले कुन संकाय पढ्न पाउने भन्ने अन्योल पनि कतिपयमा छ ।

ललितपुरको थसिखेलस्थित माछापुच्छे स्कुलबाट एसईईमा 'ए' ग्रेड ल्याएका सौगात महर्जनले साइन्स पढ्न पाउने भएपनि म्यानेजमेन्ट वा आईटी पढ्ने सोचमा छन् । एक नम्बरले 'ए प्लस' नपुगेका महर्जनले कुन कलेज पढ्ने भनेर निधो गरिसकेका छैनन् । एसईईमा 'ए' ग्रेड पाएको खुसीमा सिमरा घुम्न निस्केका सौगातले फर्केपछि राम्रो पढाइ, शिक्षक र सुविधा भएको क्याम्पस खोज्नतिर लाग्ने बताए ।

क्यानभास स्कुल बानेश्वरबाट एसईईमा 'बी' ग्रेड ल्याएकी रोजिना सापकोटालाई साइन्स पढ्ने मन छ । उनको अनिवार्य प्राय: विषयहरूमा 'डी प्लस' नआएकोले उनी साइन्स पढ्नबाट वञ्चित भएकी छन् । साइन्स पढ्न नपाएर 'झुर' भएको बताउने रोजिना अब भने फेसन डिजाइनिङ्ग पढ्ने सोचमा छिन् । तर, कुन कलेजमा यो विषय पढाइ हुन्छ भन्ने उनलाई जानकारी छैन । नेपालमा इन्टेरियर डिजाइन, सिनेमा र फेसन विषय पढाउने कलेजको कमी छ जस्तो लाग्छ उनलाई ।



ललितपुर तिखिदेवलस्थित ज्ञानकुञ्ज विद्यालयबाट एसईईमा 'बी प्लस' ल्याएका सिद्धार्थ श्रेष्ठले पनि कुन विषय र कुन कलेज पढ्ने भनेर तय गरिसकेका छैनन् ।

देवी माध्यमिक विद्यालय झापाकी सन्ध्या बस्नेतले 'ए' ग्रेड ल्याइन् । तर उनलाई साइन्स वा म्यानेजमेन्ट पढ्न मन छैन । उनी भन्छिन्, 'टेक्निकल पढ्नेले तुरून्तै जागिर खान्छन् । अरू संकाय पढ्नेले लामो समयसम्म पढेको देखेर दिक्क लाग्छ ।' घरमा उनलाई सबैले साइन्स पढ्न सल्लाह दिए पनि उनले नर्सिङ्ग विषय अध्ययन गर्ने मनस्थिति बनाइसकेकी छन् ।

पिपलडाँडा माध्यमिक विद्यालय नुवाकोटकी निर्मला अधिकारी, ज्ञानु तामाङ र विष्णुप्रसाद अधिकारीले भने म्यानेजमेन्ट र मानविकी पढ्ने निर्णय गरेका छन् ।

नासा इन्टरनेशनल कलेजका प्रिन्सिपल सुधीर झा विषय कुनै पनि नराम्रो वा संकाय कमजोर नहुने बताउँछन् । 'बरू आफूले जे विषय रोजे पनि त्यसमा आफ्नो बेस्ट आउटपुट भने दिन सक्नुपर्छ । आफ्नो रूची र क्षमताअनुसार विषय छान्नुस्,' विद्यार्थीहरूलाई झाको सुझाव छ । के पढ्दा भविष्यमा राम्रो हुन्छ र करियर राम्रो बन्छ भन्ने निर्णय गर्न विद्यार्थीले मात्रै नसक्ने हुनाले अभिभावक र शिक्षकले मार्गनिर्देश गर्नुपर्ने उनी बताउँछन् ।

तालिछखेलस्थित अरनिको इन्टरनेशनल कलेजका निर्देशक गणपतिनाथ झा विषय छान्न विद्यार्थीलाई दबाब दिन नहुने बताउँछन्। दबाबी शिक्षाको परिणाम राम्रो नहुने उनको तर्क छ ।

शान्तिनगरस्थित फ्लोरिडा कलेजका प्रबन्ध निर्देशक तथा लेक्चरर शरदकुमार सुन्दर भन्छन्, 'क्याम्पस चुन्दा त्यो क्याम्पसको सुरूदेखि हालसम्मको रिपोर्ट, कसरी पढाइन्छ, कति पूर्व विद्यार्थी सफल रहे, टीम कस्तो छ आदि कुरा हेर्नुपर्छ ।'

एसईईको नतिजा आएलगत्तै कक्षा ११ को लागि नयाँ भर्ना खुलेको छ । उपत्यकासहित देशभरका कलेजले धमाधम प्रवेश परीक्षा लिने तयारी गरिरहेका छन् । विद्यार्थी र अभिभावकलाई आकर्षित गर्न भड्किलो प्रचारबाजीमा उत्रेका देखिन्छन् कलेजहरू । देशभरका करिब ३७ सय प्लस टुमध्ये १ हजारभन्दा बढी निजी क्षेत्रबाट सञ्चालित छन् ।

निजीसँगै सामुदायिक प्लस टुले विद्यार्थी आकर्षित गर्न विभिन्न अभियान चलाइरहेका छन् । भड्किलो प्रचारबाजी र नामको पछाडि नलागेर कलेजबारे राम्रोसँग अध्ययन गरेरमात्रै भर्ना गर्नुपर्ने विज्ञहरू सुझाउँछन् । यस वर्ष जीपीएमा अयोग्य भएका विद्यार्थीहरूका लागि सीटीईभीटीले सञ्चालन गर्ने रोजगारीमूलक तालिम र विभिन्न टेक्निकल कोर्सहरू पनि राम्रो विकल्प हुनसक्छन् ।

एसईईपछि मूलत: नेपालमा चार प्रकारको शिक्षाको विकल्प छ ।

पहिलो हो, ए लेभल । प्राय: विदेशमा अध्ययन गर्न जाने तथा उतै करियरको प्लानिङ्ग गर्ने विद्यार्थीका लागि ए लेभल उपयुक्त हुनसक्छ । यो शिक्षा केही महँगो मानिन्छ । दुई वर्षको अवधिमा ४ देखि १२ लाखसम्म खर्च हुन्छ ।

दोस्रो हो, भारतीय बोर्डअन्तर्गतका सीबीएससी तथा आईसीएसी अन्तर्गतका क्याम्पसहरू ।

तेस्रो प्लस टु कलेजहरू र चौथो प्राविधिक शिक्षा ।

कीर्तिपुर चक्रपथ.....

मापदण्ड बनाउने अधिकार नगर परिषद्लाई दिएको अवस्थामा छिटो-छिटो सडक बिस्तारले जनमानसमा नराम्रो असर पर्ने देखिन्छ । कुन मापदण्ड कायम गर्ने टुङ्गो नलगाई हतरपतरको काम लतरपतर भएझैं कतै यो सडक बिस्तार पनि त्यही बाटोमा जाने त होइन ।

सडक बिस्तार गर्नुअघि कहाँसम्म गर्ने हो त्यस ठाउँसम्म दायाँबायाँ मार्किङ्ग गर्नै पर्दछ, घरधनी र जग्गाधनीलाई नपाको पत्रबाट मात्र होइन मन जित्न कार्यालयमा बोलाई छलफल र समझदारी गर्नु जरुरी छ,
स्रोत र साधन जुटाई मापदण्ड विपरीतका घर-टहरा भत्काउन निरन्तर गर्नुपर्दछ र निर्मित घरको उचित क्षतिपूर्ति दिनेसम्मको व्यवस्था स्थानीय सरकारले गर्नु जरुरी छ ।

मंगलमा साधारण.....

कीर्तिपुर नपाको सधैं साथ रहने बताउनुभयो ।

विशेष अतिथि खुला विश्वविद्यालयका उपकुलपति प्रा.डा. लेखनाथ शर्माले पनि मंगल कलेजको शैक्षिक विकासमा थप सेवा गर्न सहकार्य गर्ने बताउनुभयो ।

प्रा.डा. शिवशरण महर्जनको सभापतित्वमा भएको कार्यक्रममा व्यवस्थापन समितिका उपाध्यक्ष प्रा.डा. श्यामकृष्ण महर्जन, कलेजका सिद्धिबहादुर महर्जनले पनि बोल्नुभएको थियो ।

प्रथम साधारण सभा कलेका सम्पूर्ण आजीवन सदस्यहरुलाई आजीवन सदस्यको प्रमाणपत्र प्रदान गरिएको थियो । कलेजले न्यूनत्तम ६ हजार नगद सहयोग गरेकालाई आजीवन सदस्य बनाउने अभियान संचालन गरेको थियो ।

सीम झ्वाहिटी मुहान सरसफाईमा सामाजिक संस्था



कीर्तिपुर । कीर्तिपुरमा रहेका खानेपानी मुहान मध्ये सीम झ्वाहिटी खानेपानी मुहान क्षेत्र पनि महत्वपूर्ण मुहान हो ।

सो मुहान परिसरमा कीनपा ५ विष्ट गाउँस्थित सामाजिक संस्था हिमाल एकता समाजले शनिबार सफाई कार्यक्रम सम्पन्न गरेको छ ।

स्थानीय समाजसेवी, युवा, विद्यार्थीहरु, सर्वसाधरणको सक्रिय सहभागीले मुहान सफा गरौं ब्यानर र प्लेकार्ड सहित सफाई गरिएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सरस्वती खनाल र उपाध्यक्ष लक्ष्मण रानाले सफाईको महत्व र उद्देश्यबारे बोल्नुहुँदै सहभागी सबैलाई धन्यवाद दिनुभएको थियो ।

हार्दिक श्रद्धाञ्जली



स्व. जगत बहादुर श्रेष्ठ
जन्म: वि.सं. २०००/०३/१८
स्वर्गारोहण: वि.सं. २०७४/०३/०१

यस विद्यालयकी शिक्षिका मीना स्याउलाकी पुजनीय ससुराबुबा
श्री जगत बहादुर श्रेष्ठको यही असार १ गते बिहीबार
७४ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकोले दु:ख
व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
यस दु:खद् घडीमा सम्पूर्ण शोक सन्तप्त परिवारजनमा
धैर्य धारण गर्ने शक्ति मिलोस् भनी
हार्दिक समवेदना प्रकट गर्दछौं ।

प्रधानाध्यापक
श्री विश्व राष्ट्रिय माध्यमिक विद्यालय
ढल्पा, कीर्तिपुर नपा- ३

कामनपाका जनप्रतिनिधि आफैले छुट्याए रू. ३५ लाख

काठमाडौं । काठमाडौं महानगरपालिकाले जनप्रतिनिधिको तलब सुविधाका लागि ३५ लाख बजेट छुट्याएको छ ।

सरकारले स्थानीय तहका जनप्रतिनिधिको तलब तथा सेवासुविधाबारे छिट्टै निर्णय गर्ने बताएको छ ।

स्थानीय विकास मन्त्रालयले प्रमुख, उपप्रमुख र वडाध्यक्षलाई मासिक तलब नै दिनुपर्छ भन्दै लबिङ्ग गरिरहेको छ । केही समय पहिले धुलिखेलमा भएको अभिमुखीकरण तालिममा पनि मन्त्रालयका अधिकारीहरुले प्रमुख, उपप्रमुख र वडाध्यक्षलाई सेवा सुविधा दिलाउने आश्वासन दिएका थिए ।

तर, काठमाडौं महानगरका जनप्रतिनिधिले आफ्नो सेवा सुविधाबारे हतारिएर निर्णय गरेका छन् ।



मंगलबार बसेको नगर कार्यपालिकाको बैठकले चालू आर्थिक वर्षको बजेटबाट तलब सुविधाका लागि भन्दै बजेट छुट्याएको हो । बजेटमा तलब पारिश्रमिक सुविधा शीर्षकमा विनियोजित बजेटमा फरक नपर्ने गरी उपशीर्षकहरुमा ३५ लाख बजेट थपघट गर्ने निर्णय गरिएको मेयर विद्यासुन्दर शाक्यले बताएका छन् ।

स्थानीय विकास मन्त्रालयका एक अधिकारीले महानगरको निर्णयप्रति आश्चर्य प्रकट गरे । बजेट र कार्यक्रम संशोधन गर्ने अधिकार सभालाई मात्र भएको भन्दै उनले भने, 'ऐन बनेपछि स्थानीय तहले आफैं कानुन बनाएर गर्न सक्छ । तर, अहिले नै तलब सुविधाका लागि हतार गरेको जस्तो देखियो ।'

विपदमा मानवीय सुरक्षा र जनधनको क्षति न्यूनीकरणका लागि सहज प्रविधि

काठमाडौं । प्राकृतिक विपद्को समयमा सञ्चारको सहज पहुँच स्थापना गर्न सरकार, उद्धारकर्ता, दूरसञ्चार सेवा प्रदायक र नागरिकको भूमिका महत्त्वपूर्ण हुनेमा जोड दिइएको छ ।

सूचना तथा सञ्चार मन्त्रालय, दूरसञ्चार प्राधिकरण र एसिया प्रशान्त क्षेत्रको टेलिकम्युनिटीले आयोजना गरेको 'विपद् व्यवस्थापनमा सूचना तथा सञ्चार' विषयक कार्यशालामा सहभागीले विपदमा मानवीय सुरक्षा र जनधनको क्षति न्यूनीकरण गर्न सूचना नै पहिलो माध्यम रहेको बताए । भूकम्पको जोखिमयुक्त मुलुकमा नेपाल पर्ने भएकाले पनि पूर्व तयारीलाई विशेष प्राथमिकतामा राख्नुपर्ने र 'गोरखा भूकम्प'का कारण परेको समस्या एवं त्यसबाट प्राप्त अनुभवलाई ध्यान दिएर अगाडि बढ्नुपर्नेमा उनीहरूले जोड दिएका थिए ।

गोरखा भूकम्पका कारण एकाधमात्रै टेलिकमका टावर तथा भौतिक संरचनामा क्षति भएपनि ठूलो क्षति नभएको कारण सञ्चारको क्षेत्रमा त्यति धेरै समस्या उत्पन्न नभए पनि आगामी दिनमा थप पूर्व तयारी नगरिए भयावह अवस्था उत्पन्न हुने उनीहरूको धारणा थियो ।

विपदसँग जुध्न सक्ने नेटवर्कको विकास तथा विस्तार, कानुनी संरचना, नीति निर्माण र त्यसको सहज कार्यान्वयन, संसारका सबैभन्दा ठूला विपद्बाट गुज्रेका मुलुकको अनुभवबाट शिक्षा लिँदै नयाँ प्रविधिको प्रयोगमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको थियो ।

यस्तै एसिया प्रशान्त क्षेत्रमा टेलिकमको क्षेत्रमा अनुशरण गर्नुपर्ने प्रविधि, अनुभव तथा रणनीतिको विषयमा समेत समान धारणा बनाएर जानुपर्नेमा जोड दिइयो । सूचना तथा सञ्चारमन्त्रालयका सचिव महेन्द्रमान गुरुङले विपदसँग जुध्ने जनशक्ति, प्रविधि तथा सेवाका विषयमा सरकार प्रस्ट रहेको बताउनुभयो ।

विपद्बाट सिक्दै, जुध्दै नयाँ आधारमा मानवीय सुरक्षाका लागि अगाडि बढ्ने प्रविधिको खोजी आजको प्रमुख आवश्यकता रहेकामा जोड दिँदै उहाँले सरकारले गोरखा भूकम्पबाट पनि धेरै पाठ सिकेको उल्लेख गर्नुभयो ।

उहाँले विपद्का समयमा पहिलो कार्य नै मानवीय सुरक्षा भएकाले त्यसका लागि टेलिकम्युनिकेसन नै सबैभन्दा बढी महत्त्वपूर्ण माध्यम हुने हुँदा त्यसको सहज पहुँच र विस्तारमा सरकार र निजी क्षेत्र मिलेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

दूरसञ्चार प्राधिकरणको अध्यक्ष दिगम्बर भाले नेपालको दूरसञ्चार क्षेत्रमा उल्लेख्य मात्रामा विकास भएको, प्रविधि विस्तारमा जोड दिइएको र सफलता पनि प्राप्त भएकोले आगामी दिनमा थप सुधार तथा अन्वेषण गर्नुपर्ने बताउनुभयो ।

दूरसञ्चार सेवा प्रदायकलाई प्रविधिमैत्री बनाउन, विपदसँग जुध्न सक्ने र जस्तोसुकै अप्ठ्यारो अवस्थामा समेत सेवा दिन सक्ने बनाउन प्राधिकरणले निर्देशन दिएको उल्लेख गर्नुभयो ।

एसिया प्रशान्त टेलिकम्युनिटीका उपमहासचिव मासानोरी कोन्दोले प्रविधिलाई सहज बनाउँदै विपदसँग जुध्ने र मानवीय सुरक्षामा केन्द्रित गराउने विषयमा आफूहरू क्रियाशील रहेको बताउनुभयो ।

कार्यशालामा एसिया प्रशान्त क्षेत्रका १५ मुलुकका टेलिकमका क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कीर्तिपुर बहुउद्देश्यीयद्वारा स्थानीय जनप्रतिनिधि सम्मान

कीर्तिपुर । स्थानीय निवार्चन २०७४ मा निर्वाचित हुन सफल कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयर सदस्यहरुलाई असार ३ गते शनिबार सहकारीको प्राङ्गणमा एक कार्यक्रम गरी यस सहकारी संस्थाले बधाई तथा अभिनन्दन गरियो ।

अभिनन्दित हुनेहरुमा स्थानीय निर्वाचनमा मेयरमा निर्वाचित यस संस्थाका पूर्व अध्यक्ष रमेश महर्जन, वडा नं. ३ का अध्यक्षमा निर्वाचित राजेन्द्र महर्जन, वडा नं ३ कै नगर सदस्यमा निर्वाचित ज्ञान प्रसाद महर्जन र वडा नं. ८ को नगर सदस्यमा निर्वाचित सरस्वती परियार हुनुहुन्थ्यो ।

सोही कार्यक्रममा विष्णुदेवी अस्पतालको व्यवस्थापन समितिका अध्यक्षमा नियुक्त हुनु भएका संस्थाका शेयर सदस्य ससिर महर्जनलाई पनि अभिनन्दन गरिएको थियो ।



संस्थाका कर्मचारी श्री बिनेश श्रेष्ठले सञ्चालन गर्नु भएको सो कार्यक्रम सहकारीका अध्यक्ष श्री दिलबहादुर महर्जनको सभापतित्वमा भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष श्री जनकलाल महर्जनले दिनु भएको थियो भने प्रमुख अतिथिको तर्फबाट प्रा.डा. श्रीकृष्ण श्रेष्ठ र अतिथि कीर्तिपुर उपभोक्ता सहकारी संस्थाका अध्यक्ष लक्ष्मी कुमार महर्जनले बधाई तथा शुभकामना मन्तव्य दिनु भएको थियो भने नवनिर्वाचित मेयर रमेश महर्जनले पनि आफ्नो भनाई राख्नुभएको थियो ।

भारतको स्वार्थ.....

भएपछि अर्को चरणको संघर्ष सुरू हुनेछ, अध्यक्ष रोहितले भन्नु भयो ।

देशभक्त राष्ट्रिय पूँजीपतिहरू विदेशी पूँजीपति वर्गविरूद्ध लड्नुपर्ने आवश्यकता औंल्याउँदै अध्यक्ष रोहितले भन्नुभयो- 'पटक-पटक पालैपालो सरकारमा जाने ठूला दलले नेपाली जनताको हितमा काम गरेनन् ।

उहाँले भन्नुभयो- 'शैक्षिक माफियाहरू एमालेकै नेताहरू हुन्, देशभरि जालझल गर्नेमा एमाले नेताहरू अगाडि छन् ।

नेमकिपाका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालले पूँजीवादी पार्टीले देश र जनताको सेवा नगर्ने औंल्याउँदै भारतले नाकाबन्दी गर्दा ठूला दलले सडक र सदनमा कुनै संघर्ष नगर्ने दल कसरी देशभक्त हुन्छ भन्नुभयो ।

देशका नदीनाला भारतलाई सुम्पने दलहरू देशघाती भएको उल्लेख गर्दै उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग आफूले ल्याएको भनी झूट राजनीति गर्ने एमालेको पछि लागे दश हाइटीजस्तै हुनेछ भन्नुभयो ।

स्थानीय निकायलाई लामो समयसम्म जनप्रतिनिधिविहीन बनाउने काम नेका नेता शेरबहादुर देउवाले गरेको प्रसङ्ग उल्लेख गर्दै सचिव सुवालले भन्नुभयो- 'पहिलेको स्थानीय निकायको निर्वाचनमा एमालेले धाँधली गरेको हुँदा देउवाले स्थानीय निकायको निर्वाचन गर्न सकेन भन्नुभयो ।

उहाँले भन्नुभयो- 'एमाले धाँधली गर्ने पार्टी हो । भारतको निर्देशनमा काम गरेसम्म नेपाल र नेपाली जनताको हित हुनेछैन, भारतसँग नसोधिकन एक सिन्को नभाँच्ने दलले देशको स्वतन्त्रता र सार्वभौमिकता बचाउन सक्दैन ।

नेमकिपाका केन्द्रीय सदस्य एवं सांसद अनुराधा थापामगरले नेपालीलाई अल्पमतमा पार्ने भारतीय शासक वर्गको स्वार्थ पूरा गर्ने नालायक दललाई सरकारको नेतृत्व गर्न दिन नहुने विचार व्यक्त गर्नुभयो । भारतको नेपाल खाने दाउमा भुल्ने दललाई जनताले जहिल्यै खबरदारी गरिरहनुपर्नेमा जोड दिँदै सांसद थापामगरले भारतीय शासक वर्गले नेपालीको टोपी होइन टाउकै मागेकोतर्फ सरकारको ध्यान नगएको बताउनुभयो ।

नेपालको संविधान कार्यान्वयन नगराउन भारतीय शासक वर्गले दबाब दियो, भारतले उठाएको मुद्दालाई साथ दिने ठूला दलहरू नीच दल हुन्, उहाँले भन्नुभयो ।

नेमकिपाको मत सैद्धान्तिक र वैचारिक मत हो, देशभक्त जनताको मत हो- उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपाका निर्वाचित मेयर सुनिल प्रजापतिले निर्वाचन पनि एक सैद्धान्तिक संघर्ष हो भन्नु भयो ।

नपाको काम सम्हालेपछि खानेपानी, ढलको बन्दोबस्त गर्न र उपचार पोखरी बनाउनेतर्फ छलफल प्रक्रिया अघि बढाएको चर्चा गर्दै नक्सा पास गर्ने अधिकार कार्यकारी अधिकृतलाई दिन नहुनेमा जोड दिनुभयो ।

जनताको हक अधिकार कटौती गर्न नहुनेतर्फ सरकारको ध्यान जानुपर्ने विचार राख्दै उहाँले आ-आफ्नो स्थानबाट जिम्मेवारी पूरा गरे भनपालाई सफा, स्वच्छ र आदर्श नगर बनाउन सक्छ भन्नुभयो ।

नेमकिपा काठमाडौंका अध्यक्ष नारायण महर्जनले नेमकिपा घोषणापत्रको आधारमा काम गर्ने पार्टी हो, समाजवादी क्रान्तिले मात्र जनताको जीवन सुनिश्चित हुन्छ भन्नुभयो ।

नेमकिपा भजिसका कार्यवाहक अध्यक्ष सुरेन्द्रराज गोसाईले देश बचाउ आन्दोलनमा लागेका तराईका जनताप्रति ऐक्यबद्धता जनाउँदै यो भारतीय विस्तारवादी र अमेरिकी साम्राज्यवादीहरूलाई औंला ठड्याउन गरिएको सभा हो भन्नुभयो ।

उहाँले क्रान्तिको बीउ जोगाउन साम्राज्यवाद, विस्तारवाद र उसका पिछलग्गूहरूविरूद्ध निरन्तर संघर्ष गरिरहनुपर्छ भन्नुभयो ।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष रामप्रसाद प्रजापतिको सभापतित्वमा भएको जनसभामा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजू, मध्यपुर थिमी नगर समितिका अध्यक्ष सूर्यराम था श्रेष्ठ, सूर्यविनायक नगर समितिका प्रतिनिधि मनशोभा त्वातीले पनि बोल्नुभएको थियो ।

सो जनसभामा नेक्कासासंघका गायक विनोद विक र यालाम्हेन्दो काभ्रेका गायक गायिकाहरूले देशभक्त र राष्ट्रिय गीत गाउनुभएको थियो ।

Admission Open in Grade XI

PANGA SECONDARY SCHOOL

Shahid Path, Panga, Kiritpur-8
Contact No.: 4330069, 4332555

+2 Science
Management

#Form Distribution: 2074-03-07
#Entrance Exam: 2074-03-24

S.No.	GPA (SEE or Entrance Exam)	Monthly	Annual Fee	Admission Fee	Quota
1	3.91 to 4.00	100%	75%	75%	5
2	3.71 to 3.90	75%	75%	50%	5
3	3.61 to 3.70	50%	50%	50%	5
4	3.41 to 3.60	50%	50%	25%	10
5	3.21 to 3.40	25%	50%	-	10
6	3.01 to 3.20	25%	30%	-	10
7	2.81 to 3.00	25%	20%	-	10
8	2.61 to 2.80	20%	20%	-	10
9	2.41 to 2.60	10%	20%	-	10

100% Free for the School Topper of PSS & Entrance Topper

Congratulations

to all our SEE Graduates, Guardians,

Devoted Teachers' Team and Well Wishers

100% Successful SEE Result 2073 (25th Batch)